विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. रन्जु न्यौपाने
२.	मा. प्रभा कार्की
३.	मा. कमल सुबेदी
४.	मा. निश्कल राई मा. डा. मो. फिरदोश आलम
५.	मा. प्रकाश पाठक
६.	मा. निशा डाँगी
७.	मा. गंगादेवी श्रेष्ठ
८.	मा. डा. लेखजंग थापा
९.	मा. कुसुम महर्जन
१०.	मा. समिक्षा बास्कोटा

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
११.	मा. सुशील खड्का
१२.	मा. नितिमा भण्डारी (कार्की)
१३.	मा. गुरु प्रसाद बराल
१४.	मा. मनिष झा
१५.	मा. गणेश कार्की
१६.	मा. डा. तोसिमा कार्की

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. प्रभा कार्की	२	**मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "र सो शब्दले घटनाको बिना कुनै पूर्वाग्रह वा प्रतिशोध रिपोर्टिङ गर्न पाउने दोषमुक्त वातावरण र सङ्गठन वा पेसागत हक अधिकारको संरक्षणलाई समेत जनाउँछ।"
२.	मा. कमल सुबेदी	२	**मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "र निजले आफ्नो अध्ययन वा व्यावहारिक अभ्यास गर्ने क्रममा स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने सुरक्षा, जोखिम न्यूनीकरण तथा आवश्यक आपत्कालीन सहयोगको हकसमेत राख्नेछ।" **मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा रहेका,** - "मनोसामाजिक सुरक्षा" भन्ने शब्दहरूपछि ", घटनापश्चात् आवश्यक मनोसामाजिक परामर्श तथा सहयोग र कार्यस्थलमा जोखिम न्यूनीकरणसम्बन्धी सुरक्षासमेत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३.	मा. प्रकाश पाठक	२	**मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले मेडिकल एण्ड एलाइड साइन्स अन्तर्गतका प्रशिक्षार्थी, स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थी, पारामेडिक्स तथा सहायक स्वास्थ्यकर्मी, करार वा अस्थायी रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने व्यक्ति, स्वयंसेवक स्वास्थ्यकर्मी, एम्बुलेन्समा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा तालिममा रहेका व्यक्तिलाई समेत जनाउँछ।"
४.	मा. समिक्षा बास्कोटा	२	**<u>मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,</u>** - "स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थीलाई समेत जनाउँछ" भन्ने शब्दहरूपछि "र सो शब्दले सामुदायिक स्तरमा नेपाल सरकारद्वारा मनोनीत भई कार्यरत महिला स्वास्थ्य स्वयंसेविका (एफ.सी.एच.भी.) लाई समेत जनाउँछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा रहेका,</u>** - "मनोसामाजिक सुरक्षालाई समेत जनाउँछ" भन्ने शब्दहरूपछि "र सो शब्दले सूचना प्रविधि वा सामाजिक सञ्जालमार्फत हुने धम्की, हैरानी वा दुर्व्यवहारबाट हुने सुरक्षा (डिजिटल सुरक्षा) लाई समेत जनाउँछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५.	मा. गुरु प्रसाद बराल	२	**<u>मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "र सो शब्दले नर्सिङ, पारामेडिक्स, प्रशासनिक, प्राविधिक, सहयोगी तथा एम्बुलेन्स/आपत्कालीन सेवाका कर्मचारीलाई समेत जनाउँछ।"
६.	मा. मनिष झा	२	**<u>मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:- "तर त्यस्ता प्रशिक्षार्थी वा अभ्यासरत विद्यार्थीले आफ्नो अध्ययन, तालिम वा अभ्यासको क्रममा स्वास्थ्य संस्थामा निर्वाह गर्ने जिम्मेवारीका क्रममा पाउने सुरक्षा, संरक्षण तथा कानुनी उपचारमा कुनै भेदभाव गरिने छैन।" **<u>मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा रहेका,</u>** - "मानसिक तथा मनोसामाजिक सुरक्षा" भन्ने शब्दहरूपछि "तथा कार्यस्थलमा हुने धम्की, दुर्व्यवहार, उत्पीडन र प्रतिशोधबाट सुरक्षा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७.	मा. गणेश कार्की	२	**<u>मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>**:- "(क) "स्वास्थ्यकर्मी" भन्नाले यस ऐनको प्रयोजनको लागि प्रचलित कानुनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषदमा दर्ता भएको वा प्रचलित कानुन बमोजिम सम्बन्धित स्वास्थ्य संस्थामा कार्यरत व्यक्ति सम्झनुपर्छ र सो शब्दले मेडिकल एण्ड एलाइड साइन्सअन्तर्गतका प्रशिक्षार्थी वा स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थीलाई समेत जनाउँछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
८.	मा. डा. तोसिमा कार्की	२	**<u>मूल ऐनको दफा २ को खण्ड (क) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेको,</u>** - "विद्यार्थीलाई" भन्ने शब्दको सट्टा "विद्यार्थी, महिला स्वास्थ्य स्वयम सेविकालाई" भन्ने शब्दहरू राखुपर्ने। **<u>मूल ऐनको दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गर्नुपर्ने</u>:-** "(क१) "स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी" भन्नाले स्वास्थ्य संस्थाका सम्पूर्ण सेवासँग सम्बन्धित इकाईहरूमा कार्यरत कर्मचारीहरूलाई सम्झनुपर्छ जसमा बिमा इकाई, सामाजिक सेवा इकाई, फार्मेसी, एम्बुलेन्स सेवा, प्रयोगशाला, प्रशासन, रिसेप्शन, सुरक्षा, सरसफाई, शव व्यवस्थापन, साथै प्रत्यक्ष/अप्रत्यक्ष रूपमा स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा प्रवाहमा संलग्न सम्पूर्ण कर्मचारीहरू समेत पर्दछन्।" **<u>मूल ऐनको दफा २ को खण्ड (ग) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग) मा रहेका,</u>** - "भौतिक" भन्ने शब्दपछि ", पेशागत, कानुनी" भन्ने शब्दहरू र "सुरक्षा" भन्ने शब्दपछि "साथै डिजिटल र सामाजिक सञ्जालबाट हुने दुर्व्यवहारबाट सुरक्षा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
९.	मा. रन्जु न्यौपाने	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्ने</u>:-** "(ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट वा हातपात गर्न वा शारीरिक रूपमा चोट पुऱ्याउन वा मानसिक रूपले डर, त्रास, तनाव पुऱ्याउन वा निज कर्मचारीको परिवारको सदस्यलाई समेत कुटपिट वा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			हातपात गर्न वा शारीरिक रूपमा चोट पुऱ्याउन वा मानसिक मानसिक रूपले डर, त्रास, तनाव पुऱ्याउन,"
१०.	मा. प्रभा कार्की	३	<u>मूल ऐनको दफा ३ मा देहायका खण्ड (छ) र (ज) थप गर्नुपर्ने</u>:- "(छ) स्वास्थ्य संस्था परिसरका अतिरिक्त अन-कल सेवा, बिरामी ओसारपसार, र पेसागत कर्तव्य पालनाको विषयलाई लिएर गरिने डिजिटल/अनलाइन चरित्रहत्या वा धम्की दिन, (ज) स्वास्थ्य सेवा प्रवाह तथा कार्यस्थलमा जातीय, लैंगिक, यौनिक वा अन्य कुनै पनि प्रकारको भेदभावविरुद्ध शून्य सहनशीलता कायम गर्न, साथै महिला, आप्रवासी, जातीय अल्पसंख्यक तथा लैंगिक एवम् यौनिक अल्पसंख्यक (एलजीबीटीक्यु+) स्वास्थ्यकर्मीहरूको विशेष सुरक्षा र लैंगिक-संवेदनशील वातावरण सुनिश्चित गर्न।"
११.	मा. कमल सुबेदी	३	<u>मूल ऐनको दफा ३ को खण्ड (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर स्वास्थ्य उपचार, सेवा, शुल्क, लापरबाही वा सेवाको गुणस्तरसम्बन्धी गुनासो, असहमति वा कानुनी उपचारको माग गरेको मात्र आधारमा यस खण्डबमोजिमको कसुर भएको मानिने छैन।" <u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राख्नुपर्ने</u>:- "(ग१) स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थामा अध्ययनरत प्रशिक्षार्थी वा इन्टर्नीविरुद्ध हतियार प्रयोग गर्ने, हतियार देखाई आपराधिक बल प्रयोग गर्ने वा त्यस्तो बल प्रयोग गर्ने स्पष्ट धम्की दिने,"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) मा रहेका,</u> - "सहभागी हुन" भन्ने शब्दहरूका सट्टा "कसुर गर्न उत्प्रेरित गर्ने मनसायले सहभागी हुन" भन्ने शब्दहरू राखुपर्ने।
१२.	मा. प्रकाश पाठक	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्ने</u>:-** "(ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीमाथि कुटपिट, हातपात वा अन्य कुनै प्रकारको शारीरिक आक्रमण गर्न वा त्यस्तो आक्रमणबाट चोटपटक पुऱ्याउन," **<u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राखुपर्ने</u>:-** "(ग१) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई लक्षित गरी हतियार देखाउने, हतियारसहित आपराधिक बलको प्रदर्शन गर्ने वा त्यस्तो कार्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष भय, त्रास वा धम्की सिर्जना गर्न,"
१३.	मा. निशा डाँगी	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (च) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "तर स्वास्थ्य सेवा, उपचारको गुणस्तर, सेवा शुल्क, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाका सम्बन्धमा शान्तिपूर्ण रूपमा प्रश्न गर्ने, असहमति जनाउने, गुनासो गर्ने वा उजुरी दिने कार्यलाई यस खण्डबमोजिमको कसुर मानिने छैन।"
१४.	मा. कुसुम महर्जन	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- ", स्वास्थ्यकर्मी, कर्मचारी वा संस्थालाई भयभीत गराउने उद्देश्यले हतियार देखाई आक्रमणको धम्की दिन वा सेवा अवरुद्ध गर्न," **<u>मूल ऐनको दफा ३ को खण्ड (च) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "तर सामान्य उपचारसम्बन्धी असहमति, शिष्ट गुनासो वा आलोचनालाई कसुर नमानिने।" **<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) मा रहेका,</u>** - "खण्ड (क), (ख), (ग)," भन्ने शब्दहरूपछि "(ग१)," भन्ने शब्दहरू र "त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य" भन्ने शब्दहरूका सट्टा "दफा ३ का कसुर गर्न प्रत्यक्ष रूपमा उक्साउने वा योजना बनाई जानीजानी सहयोग गर्ने कार्य" भन्ने शब्दहरू राखुपर्ने।
१५.	मा. समिक्षा बास्कोटा	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) मा रहेका,</u>** - "प्रदर्शन गर्न," भन्ने शब्दहरूपछि "वा मादक पदार्थ वा लागु औषधको सेवन गरी उपचार कार्यमा बाधा पुऱ्याउने वा स्वास्थ्य संस्थाको सम्पत्ति नोक्सानी गर्न," भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ज) सामाजिक सञ्जाल वा अन्य विद्युतीय सञ्चार माध्यमबाट स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था वा निजको परिवारलाई लक्षित गरी धम्की, हैरानी वा बदनामी हुने सामग्री प्रकाशन, प्रसारण गर्ने वा गर्न उक्साउने।"
१६.	मा. सुशील खड्का	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गर्नुपर्ने</u>:-** "(ज) स्वास्थ्य संस्थामा बिरामीको परीक्षण, उपचार, शल्यक्रिया वा अन्य चिकित्सकीय प्रक्रिया भइरहेको अवस्थामा सम्बन्धित बिरामी वा उपचारमा संलग्न स्वास्थ्यकर्मीको गोपनीयता वा मर्यादामा प्रतिकूल असर पर्ने गरी सम्बन्धित व्यक्तिको पूर्वसहमति बिना तस्बिर खिच्न, भिडियो वा अन्य श्रव्यदृश्य अभिलेखन गर्न वा गराउन। तर उपचार, चिकित्सकीय अभिलेख, अनुसन्धान, शिक्षण वा कानुनी प्रयोजनका लागि प्रचलित कानुनबमोजिम गरिएको अभिलेखनमा यो व्यवस्था लागु हुने छैन।"
१७.	मा. नितिमा भण्डारी (कार्की)		
१८.	मा. गुरु प्रसाद बराल	३	**<u>मूल ऐनको दफा ३ को खण्ड (ग) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "हातपात, धम्की, गालीगलौज, अभद्र वा अपमानजनक व्यवहार, डिजिटल माध्यमबाट धम्की दिन," **<u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राख्नुपर्ने</u>:-** "(ग१) हतियार वा विस्फोटक पदार्थ वा अन्य घातक वस्तु लिएर स्वास्थ्य संस्थामा प्रवेश गरी डर, त्रास वा आपराधिक बल प्रदर्शन गर्न,"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१९.	मा. मनिष झा	३	<u>मूल ऐनको दफा ३ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) को सट्टा देहायको खण्ड (ग१) राखुपर्ने</u>:- "(ग१) हतियार वा अन्य घातक वस्तु सहित स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा स्वास्थ्य संस्थामाथि आपराधिक बल प्रयोग गर्न, बल प्रयोग गर्ने धम्की दिन वा त्यस्तो कार्यको प्रयास गर्न,"
२०.	मा. गणेश कार्की	३	<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि देहायको खण्ड (च१) थप गर्नुपर्ने</u>:- "(च१) विद्युतीय माध्यमबाट स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाविरुद्ध हिंसा, धम्की, घृणा फैलाउने वा आक्रमणका लागि उक्साउने कार्य गर्न।"
२१.	मा. डा. तोसिमा कार्की	३	<u>मूल ऐनको दफा ३ को खण्ड (च) पछि देहायको खण्ड (च१) थप गर्नुपर्ने</u>:- "(च१) सामाजिक सञ्जालमा कुनै पनि स्वास्थ्यकर्मीविरुद्ध गाली गलौज, दुर्व्यवहार, मिथ्या आरोप र अपमानजनक फोटो, भिडियो या लेख सामग्री राख्ने।"
२२.	मा. कमल सुबेदी	४	<u>मूल ऐनको दफा ७ को उपदफा (२) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (२क) मा रहेका,</u> - "विद्यार्थी परिचयपत्र" भन्ने शब्दहरूपछि "वा सम्बन्धित शिक्षण संस्था वा स्वास्थ्य संस्थाबाट जारी गरिएको परिचय वा अभ्यासरत रहेको प्रमाण" भन्ने शब्दहरू थप गर्नुपर्ने। <u>मूल ऐनको दफा ७ को उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "यसरी प्राप्त निवेदनको सम्बन्धमा समितिले सामान्यतः तिस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२३.	मा. समिक्षा बास्कोटा	४	<u>मूल ऐनको दफा ७ को उपदफा (२) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप गर्नुपर्ने</u>ः- "(२ख) उपदफा (२) वा (२क) बमोजिमको निवेदन विद्युतीय माध्यम (अनलाइन प्रणाली) बाट समेत दिन सकिनेछ र त्यस्तो निवेदनउपर सात दिनभित्र निर्णय गरिनेछ।"
२४.	मा. कमल सुबेदी	५	<u>मूल ऐनको दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्ने</u>ः- "(२क) यस ऐनबमोजिमको कसुरबाट स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा प्रशिक्षार्थी वा इन्टर्नलाई शारीरिक वा मानसिक क्षति पुगेमा अदालतले कसुरको प्रकृति र क्षतिको आधारमा पीडितलाई मनासिब क्षतिपूर्ति भराउने आदेश दिन सक्नेछ।"
२५.	मा. निश्कल राई मा. डा. मो. फिरदोश आलम	५	<u>मूल ऐनको दफा १५ मा देहायको उपदफा (५) थप गर्नुपर्ने</u>ः- "(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (२) को खण्ड (क), (ख), (ग) वा (ग१) बमोजिम सजाय हुने मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ।"
२६.	मा. डा. लेखजंग थापा		
२७.	मा. निशा डाँगी	५	<u>मूल ऐनको दफा १५ को उपदफा (२) को संशोधनको लागि देहायको (२) राखी उल्लिखित खण्डहरू यथावत् राख्नुपर्ने</u>ः- "(२) कसैले देहायको कसुर गरेमा कसुरको प्रकृति, गम्भीरता, क्षति, हिंसाको स्तर, प्रयोग भएको साधन वा हतियार, कसुरदारको मनसाय तथा तत्कालीन परिस्थितिसमेत विचार गरी देहाय बमोजिमको सजाय हुनेछः-"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२८.	मा. गंगादेवी श्रेष्ठ	५	**<u>मूल ऐनको दफा १५ को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को खण्ड (क) मा रहेका,</u>** - "दुई वर्षदेखि पाँच वर्षसम्म कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरूका सट्टा "पाँच वर्ष कैद र पाँच लाख रुपैयाँ जरिबाना" भन्ने शब्दहरू राखुपर्ने।
२९.	मा. समिक्षा बास्कोटा	५	**<u>मूल ऐनको दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-</u>** "(२क) उपदफा (२) बमोजिम सजाय पाएको व्यक्तिले पुनः सोही प्रकृतिको कसुर गरेमा निजलाई हुने सजाय पूर्व सजायको दोब्बर हुनेछ।" **<u>मूल ऐनको दफा १५ मा देहायको उपदफा (५) थप गर्नुपर्नेः-</u>** "(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (२) को खण्ड (क), (ख) बमोजिम सजाय हुने मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ।"
३०.	मा. सुशील खड्का	५	**<u>मूल ऐनको दफा १५ को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को खण्ड (ग) मा रहेका,</u>** - "(घ), (ङ), (च) वा (छ)" भन्ने शब्दहरूका सट्टा "(घ), (ङ), (च), (च१) वा (छ)" भन्ने शब्दहरू राखुपर्ने।
३१.	मा. नितिमा भण्डारी (कार्की)		
३२.	मा. गुरु प्रसाद बराल	५	**<u>मूल ऐनको दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(२क) पीडित स्वास्थ्यकर्मी वा कर्मचारीलाई उपचार खर्च, क्षतिपूर्ति तथा क्षति भएको स्वास्थ्य संस्थाको पुनर्स्थापना खर्च कसुरदारबाट भराउने।"
३३.	मा. गणेश कार्की	५	<u>मूल ऐनको दफा १५ को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को खण्ड (ग) मा रहेका,</u> - "(घ), (ङ), (च) वा (छ)" भन्ने शब्दहरूका सट्टा "(घ), (ङ), (च), (च१) वा (छ)" भन्ने शब्दहरू राखुपर्ने।
३४.	मा. डा. तोसिमा कार्की	५	<u>मूल ऐनको दफा १५ मा देहायको उपदफा (५) थप गर्नुपर्ने</u>:- "(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिम सजाय हुने कसुरलाई गम्भीर प्रकृतिका कसुर मानिनेछन् र तिनमा तत्काल प्राप्त प्रमाणबाट अभियुक्त कसुरदार हो भन्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ। यस्ता अभियुक्तलाई सामान्य धरौटी वा जमानतमा रिहा गरिनेछैन। यस प्रावधानबमोजिम पुर्पक्षका लागि थुनामा राखिएको कारणले निज कसुरदार ठहरिएको मानिनेछैन र मुद्दाको सुनुवाइ प्रचलित कानुनबमोजिम हुनेछ।"
३५.	मा. प्रभा कार्की	६	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २३ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "यसरी बनाइने कार्यविधि वा मापदण्डमा अनिवार्य रूपमा प्रत्येक स्वास्थ्य संस्थाका लागि "कार्यस्थल हिंसा रोकथाम योजना" तथा नियमित जोखिम मूल्याङ्कनको व्यवस्था समाविष्ट हुनु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३६.	मा. कमल सुबेदी	६	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २३ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- – "त्यस्तो निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउँदा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको भौतिक सुरक्षा, आकस्मिक सुरक्षा प्रतिक्रिया, हिंसा तथा जोखिमको अभिलेखीकरण, घटना प्रतिवेदन, पीडितको मनोसामाजिक सहयोग, प्रशिक्षार्थी तथा इन्टर्नको सुरक्षा र बिरामी तथा सेवाग्राहीको गुनासो तथा न्यायमा पहुँचसम्बन्धी व्यवस्था समेट्नु पर्नेछ।"
३७.	मा. कुसुम महर्जन	६	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २३ को अन्त्यमा देहायका शब्दहरू थप गरी देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- – "त्यस्तो सुरक्षा मापदण्ड बनाउँदा स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी तथा बिरामी प्रतिनिधिसँग परामर्श गर्ने। तर निर्देशिका वा कार्यविधिले नयाँ कसुर वा सजाय सिर्जना गर्न, ऐनमा नभएको दस्तुर लगाउन वा उजुरीको अधिकार सीमित गर्न नपाउने ।"
३८.	मा. मनिष झा	६	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २३ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- – "त्यस्तो निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउँदा स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, सम्बन्धित पेशागत परिषद्, सुरक्षा निकाय तथा सरोकारवाला प्रतिनिधिको परामर्श लिनुपर्नेछ र स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३९.	मा. डा. तोसिमा कार्की	६	**<u>विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राख्नुपर्ने</u>:-** **६. <u>मूल ऐनमा दफा २३ र २४ थप</u> : मूल ऐनको दफा २२ पछि देहायको दफा २३ र २४ थपिएका छन्:-** "२३. **<u>स्वास्थ्य संस्थालाई शान्ति क्षेत्र घोषणा सम्बन्धी व्यवस्था</u>**: (१) सुरक्षित वातावरणमा स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न प्रत्येक अस्पताल तथा स्वास्थ्य संस्थालाई शान्ति क्षेत्र (Peace Zone) घोषणा गरिनेछ। (२) उपदफा (१) बमोजिमको शान्ति क्षेत्र कायम राख्न देहायबमोजिमको सुरक्षा व्यवस्था गरिनेछ:- (क) बिरामी तथा सेवाको चापको आधारमा प्रत्येक अस्पतालमा अस्पताल प्रहरी इकाईको व्यवस्था गरी चौबीसै घण्टा अस्पताल प्रहरी खटाइनेछ। (ख) खटिएका अस्पताल प्रहरीको मुख्य दायित्व अस्पतालको शान्ति, सुरक्षा, विवाद, हिंसा, धम्की तथा आपत्कालीन घटनाको तत्काल सम्बोधन गर्नु हुनेछ। (३) अस्पतालको प्रवेशद्वार, आकस्मिक कक्ष, संवेदनशील क्षेत्र, पार्किङ स्थल लगायतका प्रमुख स्थानहरूमा अनिवार्य रूपमा सिसिटिभी (CCTV) जडान गरी चौबीसै घण्टा निगरानीको व्यवस्था मिलाउनु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(४) अस्पतालमा सुरक्षा सम्बन्धी आपत्कालीन अवस्था वा जोखिम सिर्जना भएमा तत्काल सम्बन्धित अधिकारीलाई सूचना पुग्ने गरी आपत्कालीन सुरक्षा सूचना प्रणाली (Urgent Alert System) संस्थागत रूपमा सञ्चालन गर्नु पर्नेछ। (५) प्रत्येक स्वास्थ्य संस्थाले तोकिएबमोजिमको सुरक्षा प्रोटोकल (Security Protocol) तयार गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ। २४. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>**: मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ३९ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख